म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ५१ आइतबार, ३ असोज २०७८ चतुर्दशी ने. सं. ११४१ ञलाथ्व 19 September, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा सिमेन्टमा एनबीको काउन्टर

हेटौंडा/ सरकारी स्वामित्वको पूरानो हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा नेपाल बंग्लादेश (एनबी) बैंकको एक्टेन्सन काउन्टर सञ्चालनमा आएको छ ।

उद्योगको मुख्य गेटमै बैंकको एक्टेन्सन काउन्टर राखिएको हो । हेटौंडा-९ का वडा अध्यक्ष लक्ष्मणप्रसाद भण्डारीले शुक्रबार काउन्टरको उद्घाटन गरेका छन् । उद्योगको हरेक कारोबार अब एक्टेन्सन काउन्टरबाटै हुने उद्योगकी आन्तरिक लेखा परिक्षण विभाग प्रमुख सिता गिरीले जानकारी दिइन् । 'उद्योगले यसअघि बैंकिङ कारोबार गर्न बजार जानुपर्ने बाध्यता थियो । अब परिसरमै काउन्टर स्थापना भएपछि बजार गइराख्नु पर्ने समस्या हल भएको छ ।,' गिरीले भनिन् ।

नेपाल बंग्लादेश बैंकको एक्टेन्सन काउन्टरले उद्योगका लागि मात्र नभई ९ नम्बर वडाकै नागरिकका लागि सेवा प्रवाह गर्ने बैंकका शाखा प्रबन्धक रामकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार बैंकले उद्योगको नियमित कारोबारसँगै स्थानीयको हरेक आर्थिक कारोबारमा साथ दिने भएको छ । बैंकले काउन्टरसँगै एटीएम पनि राखेको छ ।

# फुटबलको विकासमा प्रदेश सरकार र एन्फाबीच सहकार्य

### पहिलो चरणमा दुईवटा प्रतियोगिताका लागि एन्फालाई एक करोड रुपैयाँ उपलब्ध गराइने

साझाकुरा संवाददाता

हेटौंडा/ वाग्मती प्रदेश सरकार र नेपाली फुटबलको सर्वोच्च संस्था अखिल नेपाल फुटबल संघ (एन्फा)बीच फुटबलको विकासमा सहकार्य गरेर अगाडि बढ्ने सम्झौता भएको छ ।

वाग्मती प्रदेश खेलाडी उत्पादको उर्वरभूमि रहेका कारण प्रदेश सरकारले चालु आर्थिक वर्षमा एन्फालाई फुटबलका लागि करिब एककरोड रुपैयाँ उपलब्ध गराउने भएको छ । प्रदेशले चालु आर्थिक वर्ष २०७८/०७९ मा दुईवटा प्रतियोगिताका लागि एन्फालाई एक करोड रुपैयाँ उपलब्ध गराउन लागेको हो ।

प्रदेश सरकारले एन्फालाई सहिद स्मारक ए डिभिजन लिग र प्रदेश लिग आयोजनाका लागि एन्फालाई १ करोड रुपैयाँ उपलब्ध गराउने भएको हो । ए डिभिजन लिग कात्तिक २९ गतेबाट काठमाडौंमा सुरु हुँदैछ भने प्रदेश लिगको मिति तोकिएको छैन । वाग्मती प्रदेशका समाजिक विकास मन्त्री विजय सुवेदीको उपस्थितिमा एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा र प्रदेश खेलकुद विकास परिषदका सदस्य सचिव सूर्यलाल भण्डारीले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।



सम्झौता अनुसार एन्फालाई पहिलो चरणमा ५० लाख रुपैयाँ उपलब्ध गराइनेछ । उक्त र कम ए लिगको हरेक खेलमा जित हासिल गर्ने टिमलाई म्याच मनि स्वरूप ५० हजार प्रदान गरिनेछ । खेल बराबरी भएका आधा आधा बाँडिने सम्झौतामा उल्लेख छ । प्रदेशले लिगको ९१ खेलका लागि ४५ लाख ५० हजार रुपैयाँ, प्रतियोगितामा उदीयमान खेलाडी (राइजिङ प्लेयर)का लागि १ लाख रुपैयाँ तथा प्रतियोगितामा अफिसियल खर्चका लागि ३ लाख ५० हजार रुपैयाँ प्रदान गरिने परिषदका सदस्य सचिव भण्डारीले जानकारी दिए ।

'सरकारले वार्षिक नीति तथा कार्यक्रम उल्लेख गरेर बजेट विनियोजन गरेका कारण सम्झौता सम्भव भएको हो ।', उनले भने ,'यस पुरस्कारले लिगमा क्लबहरुबीच खेल मिलेमतो हुने सम्भावना रहँदैन ।' सम्झौतापश्चात् एन्फा अध्यक्ष शेर्पाले यस सम्झौताले क्लबहरुलाई खेलप्रति अझै लगाब बढ्ने दावी गरे । 'प्रत्येक खेलमा पुरस्कार भएपछि प्रतियोगिता झनै प्रतिस्पर्धात्मक हुनेछ ।', उनले थपे ।

एन्फासँग सहकार्यमा प्रत्येक वर्ष प्रदेश लिग सञ्चालन गरिने समेत सदस्य सचिव भण्डारीले बताए । 'ए डिभिजन लिग र मोफासलको प्रतियोगिता हेरेर हामी प्रदेश लिगको मिति तय गर्नेछौं । त्यसका लागि हामीले खेलको ढाँचा र सहभागी टोली कसरी टुंगो लागने विषयमा आन्तरिक तयारी गरिरहेका छौं ।', उनले प्रदेश लिगका लागि एन्फाले सम्पूर्ण प्राविधिक सहयोग उपलब्ध गराउने गरी सम्झौता भएको छ ।

## ७५ हजारले लिए सिफारिस

बागमती, रासस/ हेटौंडा उपमहानगपालिकाले एक वर्षमा करिब ७५ हजार सिफारिस गरेको छ ।

सेवाग्राहीका माग अनुसार ७४ हजार ७४१ सिफारिस गरेको उपमहानगर पालिकाका प्रमुख हरिबहादुर महतले जानकारी दिए । उपमहानगरमार्फत सिफारिस भएकामध्ये सबैभन्दा धेरै चौहद्दी ९चारकिल्ला प्रमाणित छन् । उनकाका अनुसार चौहद्दी सम्बन्धी १० हजार ५० , नागरिकता सात हजार ७ ७२, नाता प्रमाणित एक हजार १८३, खानेपानी तथा बिजुली तीन हजार पाँच , वस्तुगत विवरण नौ हजार ४१८, जग्गा नामसारी एक हजार ८५४, नाता सम्बन्ध ८३४ र अन्य सिफारिस ४० हजार ६२५ छन् ।

गतवर्ष अनलाइन तथा अफलाइन प्रणालीमार्फत तीन हजार ४१८ को जन्मदर्ता, एक हजार २८५ को मृत्युदर्ता तथा एक हजार ९५९ जोडीको विवाहदर्ता भएको छ । यसैगरी १३६ दम्पतीले सम्बन्धविच्छेद गरेका छन् भने दुई हजार २१७ परिवार बसाई सरी आएका तथा गएको उपमहानगरका सूचना अधिकारी भानु थपलियाले जानकारी दिए ।

उन्नाइस वडामध्ये वडानम्बर १६ बाहेक १८ वडामार्फत अनलाइन व्यक्तिगत घटना दर्ताको काम हुँदै आएको छ । वडा नम्बर १६ मा भने अनलाइनमार्फत दर्ताको काम सुरु गर्ने चरणमा छ ।

## दुईजनामा कोरोना पुष्टी

हेटौंडा/ मकवानपुरमा शनिबार २ जनामा मात्र कोरोना संक्रमण देखिएको छ ।

स्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार १६ जनामा गरिएको एन्टिजेन परीक्षणमा २ जनामा संक्रमण देखिएको हो । संक्रमण हुनेमा हेटौंडा उपमहानगरपालिकाका १ जना र थाहा नगरपालिकाका १ जना रहेका छन् । शनिबार होम आइसोलेसनमा बस्ने २२ जना र संस्थागत आइसोलेसनमा बस्ने १ जना कोरोना संक्रमित कोरोना मुक्त भएका छन् । हाल संस्थागत आइसोलेसनमा १० जना र होम आइसोलेसनमा १७३ जना कोरोना संक्रमित उपचाररत रहेका छन् । हाल जिल्ला भरी १८३ जना कोरोनाका संक्रिय संक्रमित रहेका छन् ।

# चेपाङ समुदायले जनगणनामा 'प्रकृति' धर्म लेख्ने

हेटौंडा/ चेपाङ सुमदायका व्यक्तिले आृनो धर्ममा 'प्रकृति' उल्लेख गर्ने भएका छन् । परापुर्व कालदेखि नै प्रकृतिलाई भगवान्को रुपमा पुज्दै आएका चेपाङ समुदायले राष्ट्रिय जनगणना २०७८ मा धर्ममा प्रकृति उल्लेख गर्ने भएका हुन् ।

आदिवासी जनजातिमा सुचीकृत सीमान्तकृत चेपाङ समुदायको आफ्नै भाषा धर्म, संस्कृति, परम्परा रहेकाले जनगणनामा धर्मका ठाउँमा प्रकृति उल्लेख गर्ने नेपाल चेपाङ संघका केन्द्रिय महासचिव आइतसिं चेपाङले जानकारी दिए । उनले भने,'हाम्रो आफ्नै धर्म छ, त्यो प्रकृति हो, हामी मानव निर्मित मन्दिरमा पूजा गर्दैनौं, प्रकृतिमा आफै उत्पत्ति भएका ढुङ्गा, ठूलो वृक्ष, पहाड, खोला र माटोलाई पुज्ने गर्छौं, त्यसैले हाम्रो धर्म प्रकृति हो, राष्ट्रिय जनगणना २०७८ मा धर्ममा प्रकृति र भाषामा चेपाङ लेख्नेछौं ।'

नेपाल चेपाङ संघको अगुवाइमा चेपाङ समुदायलाई आफ्नो भाषा, धर्म, संस्कृतिबारे जानकारी गराउन टोलटोलमा कार्यक्रमसमेत सञ्चालन गर्दै आएको उनले जानकारी दिए । संघ वागमती प्रदेशका सचिवसमेत रहेका चितवनका लक्ष्मण चेपाङले पनि धर्ममा प्रकृति उल्लेख गर्न अभियान नै सञ्चालन गरिएको जानकारी दिए । पछिल्लो समय आफ्नो भाषा, धर्म, संस्कृति लोप हुने स्थितिमा पुगेपछि संगठित रुपमा नै नेपाल चेपाङ संघले विभिन्न अभियान सञ्चालन गर्दै आएको छ । नेपालके २६ जिल्लामा बसोबास गर्ने चेपाङ समुदायको संख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ६८ हजार ३९९ रहेको छ । मकवानपुर, चितवन र गोरखा चेपाङको बढी बसोबास रहेको छ । (रासस)

# हेटौंडाका सञ्जय प्रदेश क्रिकेट प्रशिक्षक



हेटौंडा/ हेटौंडाका सञ्जय महर्जन बागमती प्रदेशको क्रिकेट प्रशिक्षकमा नियुक्त भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले बागमतीको प्रशिक्षकमा महर्जनलाई नियुक्त गरेको हो ।

प्रशिक्षक पदका लागि कुल २४ प्रशिक्षकले यसअघि आवेदन दिएका थिए । जसमध्ये महर्जन प्रशिक्षकका लागि योग्य ठहर हुँदै नियुक्त भएका हुन् । क्यानको आवेदनमा प्रदेश प्रशिक्षकमा कम्तिमा लेभल एक क्रिकेट प्रशिक्षण गरेको र २५ देखि ५५ सम्म उमेर भएको नेपाली नागरिक हुनुपर्ने योग्यता चाहिन्थ्यो । महर्जनसँगै देशका सातवटै प्रदेशमा क्यानले प्रशिक्षक नियुक्त गरेको हो ।

प्रदेश प्रशिक्षक नियुक्तिको लागि क्यानले १३ महिना अघि नै आवेदन मागेको थियो । क्यानले प्रदेश १ मा पुष्प थापालाई, प्रदेश दुईमा क्यानले प्रकाश शर्मा र सुनिल कुमार शाहलाई नियुक्त गरेको छ । गण्डकी प्रदेशमा रिजन प्रजु, लुम्बिनी प्रदेशमा वसन्त शाही ठकुरी र जमिल अन्सारी, कर्णाली प्रदेशमा विरेन्द्र शाही, सुदूरपश्चिम प्रदेशमा खेमराज भट्ट र जानकी भट्टलाई नियुक्त गरेको छ ।

हार्दिक बधाई



नेपाली कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशन अन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका वडा नं. २ को **मञ्जु थापा** अध्यधिक बहुमतले वडा सभापति पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

सुन्दर गोले/मञ्जिला बाईबा

**भीमफेदी गाउँपालिका वडा नं. २**

# रोटरी क्लब अफ मकवानपुरमा जोशी

साझाकुरा संवाददाता

हेटौंडा/ रोटरी क्लब अफ मकवानपुरमा सुन्दरकुमार जोशी पदस्थापित भएका छन् । रोटरी क्लब अफ मकवानपुरको वर्ष २०२१/२२ का लागि जोशीले पदाधिकारी समेत चयन गरेका छन् । सातौं पदस्थापन कार्यक्रम रोटरी क्लब अफ मकवानपुरको बर्ष २०२०/२१ का अध्यक्ष कविन सांगामीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतको प्रमुख आतिथ्यमा भएको थियो ।

क्लबका अध्यक्ष सांगामीले नयाँ अध्यक्ष जोशीलाई अध्यक्षको चेन हस्तान्तरण गरको थिए । अध्यक्ष पदमा पदस्थापित भएसँगै जोशीले उपाध्यक्षमा शुक्र जोशी, सचिवमा विष्णु खनाल, कोषाध्यक्षमा मनोज ढोडरी, सहसचिवमा हरिकुमार शर्मा र सहकोषाध्यक्षमा दीपक उप्रेतीलाई नियुक्त गरेका थिए ।




कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले रोटरी क्लब अन्तर्राष्ट्रिय रुपमै प्रतिष्ठित संस्था भएको बताए । उनले रोटरी क्लब अफ मकवानपुरको अग्रसरतामा स्थापना गरिने भनिएको प्लास्टिक सर्जरी अस्पतालका लागि जग्गा उपलव्ध गराउने प्रतिवद्धता व्यक्त गरे । पदस्थापनपछि अध्यक्ष जोशी आफ्नो कार्यकालमा संस्थापक, अग्रजको सहयोग लिँदै वार्षिक नीति अनुसार अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा आफ्नो कार्यकाललाई सफल बनाउन सहयोग गरेको भन्दै कविन सांगामीले उत्कृष्ट सदस्यको रुपमा सचिव कृष्णबहादुर कार्कीलाई सम्मान गरेका थिए । उनले कोभिड-१९ संक्रमणको समयमा नि:शुल्क खाना खुवाउने कार्यक्रमका संयोजक शुक्र जोशी नेतृत्वको टोलीलाई पनि सम्मान गरेका थिए ।

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापति, पूर्वअध्यक्षहरु विजयलाल श्रेष्ठ र रमेश्वर श्रेष्ठ, रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष रामप्रसाद शर्मा, पूर्वअध्यक्ष उज्ज्वल शर्मा भण्डारी, महालक्ष्मी विकास बैंक कमाने शाखाका प्रबन्धक रोशन सेनको पनि उपस्थिति रहेको थियो । पदस्थापन कार्यक्रम विष्णुगोपाल महर्जनको संयोजनमा भएको हो ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.




**Times AutoHub Hetauda**

Contact:057-590610, 9855067840

प्रो. महेन्द्र मान श्रेष्ठ ९८४५०३१७०६ | शरिदी श्रेष्ठ ९८५५०७०००५ | मनिष मान श्रेष्ठ ९८५५०३०५००

**अनुश्री गुदपाक एण्ड प्रोभिजनल स्टोर्स**


हेटौंडा-४, पारीजातपथ

**यहाँ गुदपाक (सुत्केरी मसला) पाईन्छ ।**

अब गुदपाक खान काठमाण्डौको कोशेली कुनै पर्दैन!!!

शुद्ध घ्यू र खुवामा बनेको गुदपाक अब हेटौंडामै पाईन्छ।

उत्पादक: अनुश्री फुड एण्ड बेभरेज हेटौंडा ८, मकवानपुर




**आवश्यकता ! आवश्यकता !! आवश्यकता**

**१) पदः** फिल्ड सुपरभाइजर **संख्याः** ५ जना
**योग्यताः +2** उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि काममा दक्षता भएको ।
**२) पदः** रिसेप्सनिष्ट **संख्याः** १ जना
**योग्यताः +2** उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि ज्ञान र नेपाली टाइप गर्न सक्ने ।
**तलब/सुविधाः** आपसी समझदारीमा तय गरिनेछ ।

नोटः दुई पदका लागि मोटरसाइकल वा स्कुटरको लाइसेन्स अनिवार्य, आफ्नो वायोडाटा इमेल गर्नुहोला ।

**सम्पर्कः हेटौडा हाउजिङ्ग प्रा.लि., हेटौडा-१ चौकिटोल**

*Email: hetaudahousing1@gmail.com, subediras64@gmail.com*

साझाकुरा

## हाम्रो कुरा

# चाडपर्व र सुरक्षा

नेपालीहरुको महान पर्वको रुपमा रहेको दशैं, तिहार र छठ नजिकिँदै गरिरहेको छ । यस्तो अवस्थामा मकवानपुर प्रहरीले जिल्लाभर विशेष सुरक्षा योजना लागू गरेको छ । संस्कृतिको नाममा हुने तडकभडक रोक्नेदेखि शान्ति सुरक्षा कायम गर्नेसम्मको जिम्मेवारी प्रहरी सामू रहेको छ । यस्तो अवस्थामा प्रहरीलाई सहयोग गर्नु हाम्रो पनि कर्तव्य हो । प्रहरीले तीजको सुरुवातसँगै विशेष सुरक्षा योजना तयार गरेपनि यसलाई अब चाडपर्वभर पूर्णरुपमा लागू गर्ने भएका छ । विशेषगरी बढी भीडभाड हुने स्थान र आर्थिक कारोबार हुने क्षेत्रमा प्रहरीको निगरानी हुनेछ । आर्थिक कारोबार हुने क्षेत्रमा पोशाक र सादा पोशाकमा समेत प्रहरी परिचालन गर्ने बुझिएको छ । चाडपर्वको समयमा हुन सक्ने लुटपाट र चोरीडकैतीलाई रोक्न चाडपर्वभर करिब पाँचसय प्रहरी जिल्लाभर परिचालन हुनेछन् ।

सरकार दशैंका लागि असोज ४ गतेबाट नयाँ नोट साट्न पाउने प्रबन्ध मिलाएको कारण बजार क्षेत्रमा क्रमश: भीड बढ्नेछ । यसवर्ष दशैं असोज २१ गतेबाट सुरु हुँदैछ । घटनास्थापनासँगै नवरात्री औपचारिकरुपमा सुरु हुन्छ । उक्त समयमा मन्दिरमा दर्शन गर्नेको भीड लाग्ने गर्छ । कोभिडको समय भएका कारण भीड नगरी मन्दिरहरुमा दर्शन गर्ने व्यवस्था मिलाउने जिम्मेवारी पनि प्रहरीलाई नै रहेको छ । यस्तो अवस्थामा हामी दर्शनार्थीहरु पनि होसियार हुन जरुरी छ । प्रहरीले सवारी दुर्घटना नियन्त्रण गर्न दैनिक चेकजाँचलाई बढ्वा दिने भएको छ । मकवानपुर भएर काठमाडौं आउजाउ गर्ने चारवटा ठूला हाइवेहरु रहेका छन् । दैनिकरुपमा सवारी चालकहरुको मादक पदार्थ सेवन गरेको वा नगरेको चेकजाँच गर्ने बताइएको छ । हेटौंडा बसपार्क, पशुपति नगर र थानाभञ्याङ क्षेत्रमा गरी तीन स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गरिने बताए । वर्षेनी यात्रुबाहक सवारीले तोकिएकोभन्दा बढी भाडा उठाउने गरेका कारण यसवर्ष यसको नियन्त्रण गर्न समयमै सोही अनुसार प्रहरी परिचालन गरिने भएको छ । प्रहरीले यात्रुबाहक सवारीमा हुन सक्ने लुटपाट रोक्नका लागि हाइवेको गस्तीलाई कडाई गर्ने भएको छ । अघिल्लो वर्षहरुमा विशेष गरी हेटौंडाबाट मनहरीसम्म रातीको समयमा यात्रुबाहक सवारीमा प्रहरीले हतियारसहित गस्ती गर्ने गरेको थियो ।

चाडपर्वको समयमा हामीले पनि संस्कृतिको नाममा अनावश्यकरुपमा मदिरा सेवन, जुवातास र होहल्ला गरेर समाजमा अराजकता मचाउनुहुँदैन । आफ्नो टोल, समाज र क्षेत्रको सुरक्षाको विषयमा चनाखो भएर चाडपर्व मनाउँदै प्रहरीलाई सहयोग गर्नु हाम्रो अनिवार्य दायित्व हो । जसले गर्दा हाम्रो रितिरिवाज र चाडपर्वको जगेर्नामा सहयोग पक्कै पुग्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज ४ गते सोमबार २० सेप्टेम्बर २०२१ । भदौ शुक्ल पूर्णिमा । नंलाथ्व पुन्हि ११४१ । सूर्योदय ५:५१ र सूर्यास्त ६:०२ मा हुनेछ । पूर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रेममा सफलता | **तुला** | : शत्रुबाट मुक्त |
| **वृष** | : आफन्तजन भेट | **वृश्चिक** | : मिष्ठान्न भोजन |
| **मिथुन** | : भित्रजन भेट | **धनु** | : आलश्यता |
| **कर्कट** | : धन प्राप्ति | **मकर** | : सुख प्राप्ति |
| **सिंह** | : धन नष्ट | **कुम्भ** | : यात्राको योग |
| **कन्या** | : शुभ कार्यको थालनी | **मीन** | : अध्ययनमा बाधा |

# कांग्रेस महाधिवेशन र नेतृत्वको चर्चा



गोविन्द बीसी

> सात दशकभन्दा लामो गौरव र संघर्षमय राजनैतिक इतिहास बोकेको नेपाली कांग्रेस महाधिवेशनको संघारमा आइपुग्दा राजनैतिक असन्तुष्टि र प्रतिस्पर्धालाई द्वन्द्व र विभाजनबाट होइन, लोकतान्त्रिक विधिबाट समस्या हल गर्ने अठोट लिएर अघि जानु कांग्रेसका लागि उपयुक्त मार्गदिशा हुन सक्दछ ।

बदलिँदो परिवेशमा नेतृत्वको बहस र चर्चा प्राय: चलिरन्छ । नेपाली कांग्रेस अहिले आन्तरिक नेतृत्व चयनको प्रक्रियामा छ । देशभर कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशनको सरगर्मी चलिरहेका बेला उम्मेदवारी घोषणा र नेतृत्व चयन हुँदैछ । पार्टीको सांगठनिक संरचनाको बलियो आधारशीला वा मेरुदण्ड मानिने सबैभन्दा तल्लो तह वडादेखि नयाँ नेतृत्व चयनसँगै जिम्मेवारी हस्तान्तरण प्रक्रिया गरिँदैछ ।

वडा अधिवेशनबाट छनोट भएका प्रतिनिधिहरू स्थानीय तहमा पालिका अधिवेशन, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र र जिल्ला अधिवेशनमा सहभागी हुने र नेतृत्व चयन प्रक्रियामा प्रत्यक्ष संलग्न हुनेछन् । त्यस्तै, केन्द्रीय नेतृत्वका लागि मताधिकार पाउने महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य बन्न वा छान्न क्षेत्रीय प्रतिनिधिहरू निर्णायक हुनेछन् ।

कांग्रेस वृत्तमा महाधिवेशनको सरगर्मी चलिरहँदा विभिन्न जिल्लामा युवापंक्तिले नेतृत्व तहमा अग्रसरता लिन थालेको विषयले चर्चाले पाइरहेको छ । पार्टीको नेतृत्व छनोट प्रक्रियामा अत्यन्तै प्रभाव राख्ने प्रारम्भिक चरणको अधिवेशनबाट कतिपय स्थानमा अधिकांश युवाहरू वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधिमा निर्वाचित भएका छन् । वडा अधिवेशन सम्पन्न भएका ५६ जिल्लाको परिणाम हेर्दा २५ वर्षमुनिकै युवाहरू पनि कांग्रेसको स्थानीय तह अन्तर्गतको कार्यसमिति र क्षेत्रीय प्रतिनिधिमा निर्वाचित भएका छन् ।

कार्यसमिति र क्षेत्रीय प्रतिनिधिको झण्डै ६० प्रतिशत हिस्सा ४० वर्षभन्दा कम उमेरका नेताहरुले ओगटेका छन् । हालसम्म सम्पन्न वडा तहको अधिवेशनका क्रममा सर्वाधिक चर्चामा आएका केही प्रतिनिधिमूलक घटनालाई हेरौं । जस्तै: दैलेखको दुल्लु नगरपालिका वडा नम्बर-३ बाट वडा सभापतिमा १९ वर्षीया किशोरी स्वस्तिका महत निर्वाचित भइन् । सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-३ की २१ वर्षीया पूजा फुयाँल नेपाली कांग्रेसको क्षेत्रीय प्रतिनिधि पदमा निर्वाचित भइन् । त्यस्तै, अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिका-२ बाट जिल्लामै सबैभन्दा कम उमेरका हलिम खान १८ वर्षको उमेरमा क्षेत्रीय प्रतिनिधि चयन भए ।

तनहुँको म्याग्दे गाउँपालिका-५ का १९ वर्षीय जुपिटर वाग्ले कांग्रेसको कान्छो क्षेत्रीय प्रतिनिधिमा निर्वाचित भए, सल्यानको बनगाड कुपिन्डे नगरपालिका-७ को वडा कार्यसमितिको उप-सभापतिमा सुसन केसी निर्वाचित भए । सार्वजनिक सञ्चारमाध्यमबाट चर्चामा आएका यी केही प्रतिनिधिमूलक घटनाहरू अध्ययन र विश्लेषणका विषय बन्न सक्दछन् । त्यसैगरी, प्युठान जिल्लाबाट बीएस्सी फिजिक्स पढ्दै गरेकी २२ वर्षीया प्रतिभा पौडेल र कास्कीबाट २५ वर्षकी इन्जिनियर विद्या बराल नेपाली कांग्रेसको क्षेत्रीय प्रतिनिधिको रूपमा विजयी भएका छन् । अधिकांश विद्यार्थी राजनीतिमा सक्रिय युवाहरू कांग्रेसको स्थानीय अधिवेशनबाट वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधिमा निर्वाचित भएका छन् । यसबाट के बुझ्न सकिन्छ भने, युवाहरूको नेपाली राजनीतिमा प्रवेश र आकर्षण बढ्दो छ । नेपाली राजनीतिमा युवाको आकांक्षा बढ्दै जानुले व्यवस्थाभन्दा अवस्था र नेतृत्वको कार्यशैलीप्रतिको वितृष्णा र अविश्वास हो ।

अहिलेको युवा पिढीले पुस्तान्तरण मात्रै होइन, नेतृत्वबाट दृढ संकल्पसहित परिवर्तन र रूपान्तरणको मार्गदिशा खोजिरहेको छ । तर, युवा नेतृत्व भनेर मात्रै सबै उपलब्धीको रक्षा र सम्मान हुँदैन । त्याग, तपस्या र संघर्षमय इतिहास बोकेका पुराना नेताकार्यकर्तालाई पन्छाएर अघि जानु हुँदैन । कांग्रेसको केन्द्रीय नेतृत्व तहमा ६० देखि ७५ वर्ष उमेर समूहका नेताहरू फेरि पनि गुटउगुट सृजना गरी नेतृत्व सम्हाल्ने होडबाजीमा छन् । वीपी कोइरालाले परिकल्पना गरेको राष्ट्रियता, लोकतन्त्र र समाजवादको हिमायती कांग्रेसभित्र विभिन्न गुटका हाँगाहरू झाङ्गिदै छन् ।

यो अवस्थामा एकातिर राष्ट्रिय राजनीतिको मूलप्रवाहमा एजेन्डा स्थापित गर्न आन्तरिक चुनौती छ, अर्कोतिर नेता-कार्यकर्तामा भावनात्मक एकता, सद्भाव र मेलमिलाप बिग्रदै जाने देखिन्छ । नेपाली कांग्रेसको विधानले दिएको भन्दा २ वर्ष बढी अर्थात् ६ वर्षसम्म कांग्रेसको नेतृत्व सम्हाल्दा महाधिवेशन हुने नहुने आशंकाका बीचमा सुरु भएको छ । अझैसम्म क्रियाशील सदस्यता विवाद टुंगोमा लाग्न सकेको छैन ।

नेपाली कांग्रेसको विधानमा सदस्यता प्राप्त गरेको एकवर्ष पुगेपछि क्रियाशील सदस्यता लागि आवेदन दिन पाउने व्यवस्था र प्रत्येक ६ महिना सदस्यता विवरण अद्यावधि गर्नुपर्ने प्रावधान छ यो कार्यान्वयन हुन सकेन । पार्टीका भातृ तथा शुभेच्छुक संस्था विधानत: समयमै विस्तार हुन सकेनन् । दसौं वर्षदेखि तदर्थवादमा चलेका भ्रातृ संस्थाको अधिवेशन गराउनसमेत अग्रसरता देखाएनन् । आफैं अधिवेशन गर्न भ्रातृ संस्था स्वायत्त छैनन् । पार्टी नियन्त्रणले थिचिएका नेविसंघ, तरुण दललगायत भ्रातृ संस्था अहिले नेतृत्वको निगाहमा प्रत्येक ६ महिना म्याद थप्दै चलेको स्थितिमा छन् । पार्टीलाई चलायमान बनाउने विभागहरू पार्टी सभापति शेरबहादुर देउवाको चारवर्षे कार्यकाल सकिँदासम्म गठन भएनन् । आधाजसो विभाग कार्यकाल सकिएर महाधिवेशनको तिथि घोषणा भइसकेपछि गठन भए तर विवादका कारण तिनले पनि काम गर्न सकेनन् ।

स्वतन्त्रता, समानता, पहिचान, समावेशीता, समन्याय, मानवअधिकार, लोकतन्त्र, समाजवाद जस्ता वैचारिक एवं सैद्धान्तिक अवधारणाहरूले राजनीतिक, सामाजिक र आर्थिक क्रान्तिका माध्यमबाट परिवर्तनको दिशाबोध गऱ्यो । यी अवधारणालाई आत्मसात गर्दै सात दशकभन्दा लामो गौरव र संघर्षमय राजनैतिक इतिहास बोकेको नेपाली कांग्रेस महाधिवेशनको संघारमा आइपुग्दा राजनैतिक असन्तुष्टि र प्रतिस्पर्धालाई द्वन्द्व र विभाजनबाट होइन, लोकतान्त्रिक विधिबाट समस्या हल गर्ने अठोट लिएर अघि जानु कांग्रेसका लागि उपयुक्त मार्गदिशा हुन सक्दछ ।

*यहाँ भावी नेतृत्वमा आवश्यक केही गुण र विशेषताको चर्चा गरौं :*

**विश्वासयोग्य, क्षमतावान नेतृत्व :**

वैचारिक रूपले आत्मनिर्भर नेतृत्व संगठनमा चाहिन्छ । विश्वासिलो, भरोसायोग्य, सक्षम नेतृत्वका लागि उसको उमेर, अनुभव, समय, योग्यता र योगदानमा भरपर्छ । नेपाली कांग्रेसको महाधिवेशनमा सबै तहका संगठनात्मक संरचनामा नेतृत्वका आकांक्षी पनि धेरै छन् तर, कार्यक्षमताको मूल्यांकनका आधारमा व्यवस्थापन गर्नुपर्ने अवस्था छ । कांग्रेसलाई सम्पूर्ण नेपालीको विश्वासयोग्य र भरोसायोग्य बनाउन क्षमतावान्, ऊर्जावान्, गतिशील र वैचारिक नेतृत्व चाहिन्छ । केही अनुभव, कुशलता र दक्षता हासिल गरेको नेतृत्वले मात्रै सहि मार्गदिशामा लैजान सक्दछ । जिम्मेवारी लिनु सरल विषय होइन, यो बौद्धिक शक्ति, सामर्थ्य र व्यावहारिक दृष्टिकोणले पनि महत्त्वपूर्ण मानिन्छ ।

**चुस्तदुरुस्त संगठन :**

सही ठाँउमा सही मानिसको व्यवस्थापन भए मात्रै पार्टी तथा संगठनलाई चुस्तदुरुस्त राख्न सकिन्छ । पार्टी संरचनालाई वैज्ञानिक र प्रभावकारी बनाउनु आजको आवश्यकता हो । त्यसैले, नेतृत्वमा निर्णय गर्न सक्ने क्षमता, इच्छाशक्ति, डर व्यवस्थापन, भावनात्मक विकास, दीर्घकालीन सोच, लक्ष्य निर्धारण, तथ्य वा विषयगत ज्ञान, अध्ययनशील, सामूहिक कार्य, वक्तव्य वा तार्किक क्षमता आदि चाहिन्छ ।

**एजेन्डा केन्द्रित :**

नेपाली कांग्रेसले शान्ति र संविधान दिएर देशको राजनीतिक नेतृत्व सम्हाल्यो । संविधानसभा निर्वाचन सम्पन्न गरि ३ करोड नेपालीलाई अधिकार सम्पन्न बनाइसकेको कांग्रेसको अबको लक्ष्य विकास र समृद्धि हो । विकास निर्माण र समृद्धिको लक्ष्य हासिल गर्न कांग्रेसका लागि अवसर र चुनौती दुवै छ । नेपालमा आजसम्म भएका सबै परिवर्तनको नेतृत्व गरेको कांग्रेसले सबै आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत र रक्षार्थ भूमिका खेल्नुपर्ने अवस्था छ । राजनीतिक परिवर्तनको मूलधारबाट दीगो शान्ति, स्थायित्व र आर्थिक क्रान्ति सृजना गरेर विकासशील राष्ट्रको रूपमा अघि बढाउने लक्ष्य कांग्रेसका सामु चुनौती छ ।

**कार्यशैलीमा सुधार :**

राजनैतिक दल नीति, विधि र पद्धतिमा चल्न जरुरी छ । विभिन्न समय भएका सहमति, सम्झौता र परिवर्तनलाई जीवन्त राख्नु जरुरी छ । आन्तरिक रूपमा पटकपटक विभाजन र एकताले जनताको जनमतको रक्षा हुन नसकेको आलोचनात्मक हुन थालेका छन् । त्यसैले, नेतृत्वशैलीको सुधार र विकास गरी तदनुकूल पार्टी गतिविधि अघि बढाउनुको विकल्प छैन ।

राजनीतिक दलले आन्तरिक लोकतन्त्रलाई संस्थागत गर्न लोकतान्त्रिक गतिविधि अघि नबढाउँदासम्म राज्यका अन्य गतिविधिहरू पनि अघि बढ्ने सम्भावना छैन । तसर्थ, राजनीतिक दलले अगुवाइ गर्ने, राज्यका अन्य निकायहरूलाई पनि समयसापेक्ष आफ्ना गतिविधि अघि बढाउन प्रेरित गर्ने कार्यले मात्रै समग्र राज्यको लोकतन्त्रको रक्षा गर्न सम्भव हुनेछ र समाजवादी लोकतन्त्र स्थापना गर्न पनि सम्भव हुनेछ ।

- इकागज

# एमसीसीबारे अमेरिकाले दिन नसकेको एउटै उत्तर



रिताराम बराल

हरितालिका तीजका दिन काठमाडौं ओर्लिंदा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) उपाध्यक्ष फतिमा सुमारले भनेकी थिइन्, 'एमसीसीबारे नेपालीहरूमा रहेको 'कन्फ्युजन' मेट्न म नेपाल भ्रमणमा आएकी हुँ ।' संयोगले तीजका दिन आइपुगेकी 'अमेरिकी चेली' सुमारमा 'एमसीसी'बारे नेपालीहरूमा रहेको 'कन्फ्युजन' मेटेर संसदबाट पारित हुने वातावरण सिर्जना गर्नेमा 'कन्फिडेन्स' देखिन्थ्यो ।

सुमारसहितको टोलीले जब काठमाडौंमा शीर्ष नेताहरूसँग भेटघाट थाल्यो, सिचुवान युनिभर्सिटी (चीन) मा प्राध्यापनरत बुद्धि शर्माले फेसबुकमा रमाइलो स्टाटस लेखे, 'नेपाली नेताहरूले एमसीसीवालाहरूलाई पनि जनतालाई झैं 'छलफलमा छौं, निष्कर्ष निकाल्छौं, सकरात्मक छौं, हुनुपर्छ भन्नेमा छौं'जस्ता कुरा गरेरै रनभुल्ल पार्ने भए । यो शैली देखेर एमसीसीवालाहरू पनि चकित परेका होलान् !'

शर्माले भनेजस्तै, नेपाली नेताहरूका कुराले उपाध्यक्ष सुमारलाई पक्कै चकित पार्यो नै । तर त्यो भन्दा बढी सुमार स्वयंलाई 'कन्फ्युजन'मा पार्यो । कुनै बेला पक्षमा रहेका नेताहरू विरोधमा, एउटै सत्ता गठबन्धनमा रहेका पार्टीमध्ये कसैको समर्थन, कसैको विरोधका कारण एमसीसी पारित हुने/नहुने कुराको उनले अनुमानै गर्न सकिनन् सायद । यही कारण स्वदेश फर्किनुभन्दा अघिल्लो दिन काठमाडौंमा आयोजना गरिएको पत्रकार सम्मेलनमा नेपाली नेताहरूसँगको कुराकानीबाट उनी त्यति उत्साहित सुनिइनन् । त्यसैले निराशभावमा 'आशा' प्रकट गरिन् 'एमसीसी छिट्टै पारित हुनेमा म आशावादी छु ।'

**अमेरिकी अधिकारीहरूले नै किन त्यसो भने ?**

निश्चय नै, काठमाडौंको लप्सीफेदीदेखि भारतीय सीमानासम्म जोड्ने विद्युत् प्रसारण लाइन बनाउन आर्थिक सहयोगका लागि नेपाली पक्षले नै अमेरिकासँग आग्रह गरेको हो । र, नेपाली पक्षको पटकपटकको आग्रहपछि अमेरिकाले नेपाललाई ५० लाख अमेरिकी डलर बराबरको अनुदान दिने विषयमा सहमति जनाएको हो । अमेरिका आफैंले बोलाएर जबर्जस्ती यो रकम नेपाललाई दिन खोजेको पक्कै होइन । यसअघि यस्ता विकास परियोजना वासिङ्टनले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) मार्फत प्रदान गर्थ्यो । अमेरिकाले विचार गर्नुपर्ने कुरा के हो भने 'यूएसएआईडी'मार्फत सञ्चालित विकास परियोजनाहरूलाई नेपालीहरूले हार्दिकताका साथ स्वीकार गरे, कहिल्यै विवादको विषय बनाएनन् । नेपाली राष्ट्रियता र असंलग्न परराष्ट्रनीति प्रतिकूल नरहेका अमेरिकी सहयोगका परियोजनाहरूले नेपाल-अमेरिका सम्बन्धलाई उचाइ दिन भूमिका पनि खेले ।

राष्ट्रियताप्रति नेपालीहरू कति संवेदनशील छन् भन्ने कुरा अमेरिकालाई जानकारी नभएको पक्कै होइन । शक्ति राष्ट्रहरूबीच हुने भूराजनीतिक प्रतिस्पर्धामा नेपाल सामेल हुँदा त्यसको असर नेपालको स्वतन्त्रता र सार्वभौमिकतामा पर्छ भन्ने चेतनाको विकास पनि नेपालीहरूमा भइरहेको छ, यो कुरा पनि अमेरिकालाई पक्कै जानकारी छ । नेपालसम्बन्धी नीति तय गर्दा महाशक्ति अमेरिकाका नीति-निर्माताहरूले ध्यान दिनुपर्ने विषय यो पनि भएको छ । तर चार वर्षअघि इन्डो-प्यासिफिक रणनीति (आईपीएस) निर्माण गर्दैगर्दा अमेरिकाले 'एमसीसी'लाई पनि त्यसैअन्तर्गत राखिदियो । सँगसँगै इन्डो-प्यासिफिक रणनीति चीनलाई 'काउन्टर' गर्न ल्याइएको हो भन्ने व्याख्या उच्च अमेरिकी अधिकारीहरूले नै गर्न थाले । सम्बन्धित अमेरिकी दस्तावेजहरूमा समेत यस्तै व्याख्या गरियो ।

नेपाल आएका अमेरिकी उच्च अधिकारीहरूले पनि 'एमसीसी'लाई इन्डो-प्यासिफिक रणनीतिका रूपमा अर्थ्याउन थाले । जतिबेला नेपालमा 'एमसीसी'को चर्चा जनस्तरमा हुँदै थियो, अमेरिकी उपसहायकमन्त्री डेभिड जे रान्जले ३१ वैशाख २०७६ मा काठमाडौंमा पत्रकारहरूसँगको कुराकानीमा 'एमसीसी इन्डो-प्यासिफिक रणनीतिको महत्त्वपूर्ण अंग हो' भनिदिए । त्यसअघि भियतनाम भ्रमणमा रहेकी अमेरिकी विदेश सहायक राज्यमन्त्री एलिस वेल्सले पनि २०७५ माघ दोस्रो हप्ता यस्तै अभिव्यक्ति दिइन् । वेल्सले भनेकी थिइन्, 'मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)अन्तर्गत नेपाललाई प्रदान गरिने ५ सय मिलियन डलरको अनुदान समग्र इन्डो-प्यासिफिक रणनीतिको भाग हो ।' निश्चय नै, 'एमसीसी'का बारेमा नेपालमा गलत अफवाह पनि फैलाइएका छन् । तर नेपालीहरूले खोजेको मुख्य कुरा 'एमसीसी इन्डो-प्यासिफिक रणनीतिको अंग हो वा होइन' भन्ने प्रश्नको उत्तर हो । किनभने 'कुनै मुलुकका विरुद्ध प्रयोग हुने 'स्ट्राटेजी' वा सैनिक गठबन्धनमा आफ्नो संलग्नता नहुने' कुरा नेपालले पटक-पटक दोहोर्याइरहेको छ । नेपालले अंगीकार गर्दै आएको स्वतन्त्र र असंलग्न परराष्ट्रनीतिको चुरो कुरा पनि यही हो ।

'एमसीसी'मार्फत प्रसारण लाइन निर्माणका लागि प्राप्त हुने ५ सय मिलियन अमेरिकी डलर (करिब ५६ अर्ब रुपैयाँ) पक्कै पनि नेपालका लागि महत्त्वपूर्ण हो । तर 'अमेरिकाले दिने रकम भएकाले लिनै हुँदैन' भन्ने पूर्वाग्रहका साथ एमसीसीको विरोध भएकोचाहिँ होइन । 'सामरिक नीतिको गन्ध आउने इन्डो-प्यासिफिक रणनीतिअन्तर्गत पो त्यो रकम आउन लागेको हो कि! भन्ने आशंकाका आधारमा विरोध भइरहेको देखिन्छ । तर किन हो- एमसीसी अनुमोदनका पक्षधरहरूले 'एमसीसी इन्डो-प्यासिफिक स्ट्राटेजीको अंग हो वा होइन भन्ने प्रश्नको स्पष्ट जवाफ दिन चाहेको देखिँदैन । बरु 'एमसीसी आयो भने अमेरिकी सेनाले नेपालमा मार्च गर्छ' भनेर सडकमा फैलाइने 'सस्ता भ्रम'को उत्तर दिन आफूलाई 'इन्गेज' गरिरहेका छन् ।

'एमसीसी इन्डो-प्यासिफिक रणनीतिको अंग होइन' भन्ने कुरा प्रमाणित गरिदिनासाथ यससम्बन्धी हजार आशंका र प्रश्नको जवाफ प्राप्त हुन्छ । त्यसपछि 'नाम जे दिइएको भए पनि एमसीसीअन्तर्गत बन्न लागेको प्रसारण लाइन पनि अमेरिकी अनुदानमा निर्माण भएका अन्य परियोजनाजस्तै रहेछ' भन्ने कुरा नेपालीहरूले सहजै बुझ्छन् र चुप लागिहाल्छन् । तर यो प्रश्न र आशंकाका जवाफ पनि एमसीसी र यसका अधिकारीबाट होइन, अमेरिकी सरकारको तहबाटै आउँदा राम्रो । किनभने एमसीसीलाई इन्डो-प्यासिफिक रणनीतिअन्तर्गत राखेको अमेरिकी सरकारले हो । अनि एमसीसीलाई इन्डो-प्यासिफिक रणनीतिको अंगका रूपमा व्याख्या गर्नेहरू राज्य र उपमन्त्रीस्तरका अमेरिकी अधिकारी हुन् । किनभने एमसीसी त अमेरिकी विदेश मन्त्रालय मातहतको सानो अंग मात्र हो ।

**राष्ट्रवाद : पाराडाइम सिफ्ट**

राष्ट्रियता, सार्वभौमिकताप्रति नागरिक जागरुक हुनु सकारात्मक कुरा हो । तर शक्तिशाली देशका कारण राष्ट्रियता खतरामा परेको ठान्दै कमजोर मुलुकका नागरिक सडकमा आउने स्थिति सिर्जना हुनु दुवै देशका लागि अप्रिय अवस्था हो । यसअघि नेपालमा यस्ता प्रदर्शन भारत र चीनलक्षित हुन्थे । दिल्ली सम्झौता (२००७), कोसी सम्झौता (२०११) देखि नेपालमा भारतविरोधी प्रदर्शन हुन थालेको हो । सगरमाथाको स्वामित्वमा नेपाल र चीनले समानान्तर दाबी गरे (वि. सं. २०१६) पछि चिनियाँ दाबीविरुद्ध पनि काठमाडौंमा प्रदर्शन भएको थियो ।

तर सीमा विवाद हार्दिकतापूर्वक समाधान गरेपछि राष्ट्रियतालाई आधार बनाएर चीनविरुद्ध नेपालमा प्रदर्शन भएको छैन । नियोजित रूपमा उछाल्न खोजिने सीमा-विवाद छुट्टै विषय हो । भियतनाम युद्धताका अमेरिकाको विरोध गर्दै काठमाडौंमा प्रदर्शन भएको थियो । तर त्यो पनि नेपालको राष्ट्रियता र सार्वभौमिकतासँग सम्बन्धित थिएन । अमेरिकाले भियतनामविरुद्ध गरेका जथाभावी बम प्रहारको विरोध र शान्तिका पक्षमा अमेरिकी र विश्वभरका जनता सडकमा उत्रेका थिए । नेपालमा भएको विरोध प्रदर्शन भियतनाम युद्धविरुद्ध भएका विश्वव्यापी विरोध प्रदर्शनको अंश थियो ।

तर 'एमसीसी'ले नेपाली राष्ट्रवादको स्थितिमै परिवर्तन ल्याइदिएको छ । एमसीसीमा भएका कतिपय प्रावधान र इन्डो-प्यासिफिक रणनीतिसँगको यसको सम्बद्धतालाई देखाएर नेपालीहरूले 'सात समुद्रपारिको अमेरिकाबाट पनि नेपालको राष्ट्रियता खतरामा छ' भन्ने ठान्न थालेका छन् । यसै विषयमा नेपालका राजनीतिक दल विभाजन भएका छन् । जनमतसमेत विभाजित छ । अहिले आएर नेपाली 'राष्ट्रियता'को मूल मुद्दा नै 'एमसीसी' बन्न पुगेको छ ।

राष्ट्रियताका विषयमा कुराकानी हुँदा यसअघि नेपालीहरू भारतसँगका असमान सन्धि-सम्झौताको सन्दर्भ उप्काउँथे, लिम्पियाधुरा-लिपुलेक जस्ता भारतद्वारा अतिक्रमित नेपाली भूमिको चर्चा गर्थे । यतिबेला लिम्पियाधुरा-लिपुलेक मुद्दासमेत छायामा परेको छ । एमसीसीको पक्ष लिँदा आगामी चुनाव हारिन्छ कि भन्ने भयसमेत कतिपय नेतामा देखिन्छ । सात समुद्रपारिको अमेरिकाबाट समेत नेपालको राष्ट्रियता खतरामा छ भन्ने नेपाली नागरिकले ठान्नु नेपाल-अमेरिका सम्बन्धका लागि अप्रिय स्थिति हो ।

योसँगै नेपाली मैदानमा वर्षौंदेखि जारी 'भूराजनीतिक प्रतिस्पर्धा'का खेलाडीहरूमा समेत बिस्तारै परिवर्तन आइरहेकोसमेत देखिँदै छ । यसअघि नेपालमा चीन र भारतबीचको प्रतिस्पर्धालाई प्रमुख ठान्ने गरिन्थ्यो । अमेरिकाले नेपाललाई भारतीय आँखाबाटै हेर्ने गरेका कारण यहाँको भूराजनीतिक प्रतिस्पर्धालाई मूलत: 'चाइना भर्सेज इन्डिया' मानिन्थ्यो ।

- बाँकी पृष्ठ ३ मा...

# शरणार्थीका पीडा बुझाउने मालिका केशरीको उपन्यास 'दुङाल'

काठमाडौँ (रासस)/ शरणार्थी जीवनका पीर, दुःख, पीडा कस्ता हुन्छन् भन्ने विषय 'दुङाल' उपन्यासका माध्यमबाट साहित्यकार प्रकाशकुमार श्रेष्ठ 'मालिका केशरी' ले पाठकसमक्ष प्रस्तुत गरेका छन् ।

प्रेमका विषयलाई उपन्यासमार्फत् पस्कन उपन्यासकार 'मालिका केशरी' को यो तेस्रो उपन्यास हो । तिब्बती भाषाको शब्द 'दुङाल' को अर्थ दुःख, पीडा, पीर, आर्तनाद भन्ने हुन्छ । जन्मभूमि छोडेर अरुका देशमा शरण लिई जीवन बिताउन बाध्य पारिएकाका पीडालाई उपन्यासमा सरल, सहस एवं प्रेमपूर्ण भाषाशैलीमा उतारिएको छ ।

तिब्बतीयन शरणार्थीका पीडालाई विषयवस्तु बनाएर लेखिएको उपन्यास साहित्यकार केशरीको बाल्यकालको भोगाइको यथार्थरुप हो । बाल्यकालमा साथीसँगै तिब्बती शरणार्थी शिविरमा रहेकासँग सहयात्रा गरेको सम्झनालाई उनले औपन्यासिकस्वरुप दिएको हो । शरणार्थी शिविरका अपरिचित अनुहारले यो आख्यान लेख्न प्रेरणा दिएको लेखक केशरीले बताए ।

विभिन्न कारणले देश छोड्न बाध्य पारिएकाको जीवन खोज्दै 'दुङाल' उपन्यास तयार पारिएको छ । तिब्बती शरणार्थीको सेरोफेरोमा आख्यान अघि बढेको छ । तिब्बतीले भोगेका विषय जसलाई उपन्यासकारले बाल्यकालमा देखे, त्यसकै एक तहलाई उपन्यासमा प्रस्तुत गरिएको छ । तिब्बती जुनसुकै कारणले आफ्नो देशबाट विस्थापित भए पनि ती हाम्रो समाजका अंग बनेकाले उनीहरूलाई गर्नुपर्ने व्यवहारका बारेमा मानवतावादी दृष्टि राख्नुपर्ने लेखकको भनाइ छ ।

शरणार्थी शिविरको पर्खालभित्रबाट जीवन खोजिरहेकालाई सहयोगी भाव राख्न उपन्यासले प्रेरणा दिन्छ । मानवीयता सम्झेर सबैले व्यवहार गरेमा शरणार्थीका अनुहार र हृदयबाट दुङाल अर्थात् पीर, दुःख, पीडा हटेर जाने सन्देश उपन्यासकारले दिएका छन् । शरणार्थीका सन्ततिलाई पनि आफू उभिएको भूमि आफ्नै पुर्खाको भूमि हो भन्ने अनुभूति दिन उनले आह्वान गरेका छन् । कृति आख्यान भएकाले यसले राजनीतिक र ऐतिहासिक दाबी नगर्ने लेखकको भनाइ छ । इतिहास एवं संस्कृतिका अन्वेषक तथा पुस्तकमा भूमिका लेखेका रमेशकुमार ढुंगेलले शरणार्थी राष्ट्रविहीन हुनुपर्दाका अप्ठ्यारा पुस्तकमा समेटिएको बताए ।

भोट सभ्यता र राष्ट्र तथा परिवर्तित चिनियाँ सभ्यता एवं राष्ट्रिय राजनीतिकाबीच उठेका अन्तर्द्वन्द्वले निकालेको तिब्बत विलय र शरणार्थीका समस्या उपन्यासको मूल विषयवस्तु बनेको छ ।

संस्कृति र सामाजिक अवस्था फरक भए पनि तिब्बती युवती र नेपाली युवकबीच प्रेम सम्बन्ध स्थापित भएको विषयलाई उपन्यासमा देखाइएको छ । अन्त्यमा प्रेमी प्रमिकाबीचको सम्बन्ध सफल हुन सकेको छैन । तिब्बती युवती र नेपाली युवकबीच सम्बन्ध वियोगान्तमा अन्त्य भएको छ । असफलता एवं वियोगान्तलाई शान्ति दिन बौद्ध दर्शनले भूमिका खेलेको छ ।

दुःख, पीडा, पीर र असफलतामा शान्तिका लागि बौद्ध दर्शनको सहारा लिइएको छ । यसबाट बौद्ध दर्शनभित्रको शान्तिलाई पनि उपन्यासमा देखाउन खोजिएको छ । साहित्यकारका तीन वटै उपन्यासमा बौद्ध दर्शनले व्यक्तिको आन्तरिक शान्तिमा सकारात्मक प्रभाव पारेको विषय छन् ।

नेपालमा तिब्बतीयन र भूटानी शरणार्थी विधिवत्‌रूपमा बसेका छन् । तिनका समस्या बाहिर ल्याउन उपन्यास सफल छ । लेखक पुरुष भए पनि महिला शरणार्थीका भावना एवं मनोविज्ञान उपन्यासमार्फत् अभिव्यक्त भएको छ । लेखक केशरीले जन्मभूमि तनहुँको शरणार्थी शिविरमा देखेका घटनाले आफूलाई यस विषयमा कलम चलाउने प्रेरणा मिलेको सुनाए ।

"उपन्यासमा कति मेरा भोगाइ, कति नजिकका साथीभाइका भोगाइ जसलाई अनुमति लिएर वास्तविक नाममै उतारेको छु, कति विषय कल्पनाका पनि छन्", उनले भने । नेपालमा शरणार्थी जीवन भोग्न बाध्य तिब्बतीयन युवती कारचुङका माध्यमबाट उनले त्यस जीवनका बारेमा पाठकलाई जानकारी दिन यो उपन्यास लेखेको हो । उपन्यासमा शरणार्थीका कथा व्यथालाई शब्दका माध्यमबाट उनिएको छ । खम्पा विद्रोहका सन्दर्भलाई पनि उपन्यासमा समेटिएको छ ।

प्रेम प्रसंग र वियोगका घटना, असफल जीवनयात्रा र त्यस्ता परिवेशबाट प्राप्त हुने मानवता एवं जीवनका आवश्यक सच्चा ज्ञानका चाखलाग्दा धेरै विषय उपन्यासमा छन् । ढोल्कारकी दिदीको प्रेम र असफता, लोप्साङको प्रेमीको प्रसङ्ग, ग्याछो दोर्जे (डरलाग्दो अनुहार भएको शरणार्थी क्याम्पको क्रियाशील युवा) को कार्चुङप्रतिको एकतर्फी असफल प्रेम, शरणार्थी क्याम्पकी वृद्ध महिला अर्थात् डोल्मा र चिनियाँ कमाण्डर वाङ्लीको तिब्बतमा युद्ध हुँदाका समयमा सैनिक क्याम्पभित्रै विकसित भएको प्रेम, विवाह र वियोग आदि यसका उदाहरण हुन् ।

शरणार्थी शिविरमै हुर्किएकी कृतिकी मूल नायिका कार्चुङ र छिमेकी गाउँको निडर नेपाली केटो (विश्वदीप) बीचको अनौठो प्रेमको सेरोफेरोमा उपन्यास घुमेको छ । सामाजिक, सांस्कृतिक कारणले अप्ठ्यारोमा परेर प्रेम सफल हुन सकेको छैन ।

उपन्यासकारले विभिन्न घटना र पात्रलाई नै बोलाएर अत्यन्त मिठो एवं स्पष्टरूपमा कथाका विषयवस्तुलाई पाठकसमक्ष पस्केका छन् । यो शैली पाठकका निम्ति पठन सरलता र थप चाखको विषय बन्न पुगेको छ ।

दमनको विभत्स रुप, आक्रोश र नैराश्यता, स्वभूमिप्रतिको अधिकारको लडाईं, शरणार्थी क्याम्पको न देश, न विगत, न वर्तमान वा न परिचयपत्र (आरसी कार्डसमेत नभएको) विषय पनि उपन्यासमा सजीवरूपमा उतारिएका विषय हुन् ।

भविष्यकै टुंगो नभएको अन्योलको अवस्था, प्रहरीको ज्यादति र त्यसले सिर्जना गरेको आक्रोश र पीडा, विदेशीका सहयोगी हात तथा स्वार्थगत मिसन, नेपालीको शरणार्थीप्रतिको हेलचेक्र्याइँ तथा हेय भाव, शरणार्थीको मानसिक र मनोवैज्ञानिक दूरावस्था, चिनियाँ षड्यन्त्र तथा धोकाधडी प्रवृत्ति तथा क्रियाकलाप, अधिकारको लडाईं, उच्छृंखलता र गुण्डागर्दीमा लिप्त नेपाली युवाका अनुशासनहीन हर्कतजस्ता विषयले उपन्यासलाई जीवन्त बनाएको छ । उपन्यास पढ्न थालेपछि समय बितेको पत्तो पाइँदैन । कारणबस पठन स्थगित गर्नुपर्दा फेरि पुस्तक समातिहालौँ भन्ने हतारो मनमा आउँछ ।

सामाजिक यथार्थवादी उपन्यास दुङाल २७५ पृष्ठको छ । साङ्ग्रिला बुक्सले प्रकाशन गरेको पुस्तकको मूल्य ४८४ छ । पुस्तकमा प्राविधिक कारणले सामान्य भाषिक त्रुटि भए पनि अन्य गल्ती भेटिँदैन । कसैको ध्यान नपुगेको संवेदनशील सामाजिक विषयमा कलम चलाएर पाठकलाई नौलो स्वाद दिन उपन्यासकार केशरी सफल भएका छन् ।

लेखकका हालसम्म चार वटा कृति प्रकाशित छन् । पहिलो उपन्यास 'पुरुत्थान' २०७२ भदौमा प्रकाशित भएको थियो । विसं २०५२ देखि २०६३ का बीचको राजनीतिक घटनाक्रमका बेलाको अन्तरजातीय प्रेमकथामा आधारित भएर लेखिएको 'पुरुत्थान' पाठकले मन पराएपछि छ वर्षका बीचमा उनका तीन वटा उपन्यास प्रकाशित भएका हुन् ।

लेखकको दोस्रो उपन्यास 'सुवर्णलता' हो । 'सुवर्णलता' मा आमाबाबुबाट छुटिनुपर्दाका पीडा, विशेषगरी आमाबाबु लाहुर गएका छोराछोरीको अवस्थालाई उपन्यासकार श्रेष्ठले पाठकसमक्ष पस्केका छन् ।

उपन्यासमा खोजी पत्रकारिताको प्रसङ्ग पनि छ । विद्यालय जीवनमा साथीभाइका प्रेमपत्र लेख्दै उनी साहित्य क्षेत्रमा प्रवेश गरेको हो । विद्यालय जीवनमा लेखिएको प्रेमपत्रले लेखनमा रुचि जाग्दै जान थालेपछि उनले विसं २०५८ मा कविता संग्रह 'मिरमिरे' निकाले ।

त्यसो त उनी कक्षा ५ मा पढ्दा विद्यालयले आयोजना गरेको कविता प्रतियोगितामा आमा देवीकुमारी श्रेष्ठले लेखेका कविता वाचन गरेर पहिलो स्थान हासिल गर्न सफल भएका थिए ।

सानैदेखि कविता, कथाजस्ता विधामा रुचि राख्नुहुने उनलाई युवा अवस्थामा उपन्यास लेखन सहकर्मीले प्रेरणापुञ्जका रूपमा काम गरेकाले सफल भएको उनको भनाइ छ ।

# एमसीसीबारे अमेरिकाले...

तर 'एमसीसी' प्रकरणपछि भूराजनीतिक प्रतिस्पर्धा 'चाइना भर्सेज अमेरिका' भएजस्तो देखिन थालेको छ । अमेरिकाले नेपाललाई आफ्नै आँखाले हेर्न थालेपछि यस्तो हुनु स्वाभाविक हो ।

'इन्डो-प्यासिफिक रणनीति'का साथ अमेरिका यो क्षेत्रमा आक्रामक रूपमा अघि बढेपछि भारत छायामा पर्नु पनि स्वाभाविक हो । 'जिओपोलिटिक पाराडाइम'मा देखिएको यो परिवर्तन विश्लेषकहरूका लागि गजबको विषय हो ।

तर यस्तो भूराजनीतिक प्रतिस्पर्धाले नेपालजस्तो संवेदनशील भूराजनीतिक अवस्थितिमा रहेको मुलुकलाई पक्कै लाभ गर्दैन । शक्ति-राष्ट्रहरूले प्रतिस्पर्धाको मैदान बनाएकैले अफगानिस्तानले अहिलेको नियति भोग्नुपरेको हो । नेपाललाई मैदान बनाएर अन्तर्राष्ट्रिय शक्तिहरूबीच हुने 'भूराजनीतिक प्रतिस्पर्धा'को साटो विकास र समृद्धिका लागि सहकार्यको वातावरण सिर्जनामा नेपाल लाग्नुपर्छ ।

तर नेपालले आफैंले यस्ता कतिपय मौका गुमाएको छ । जस्तो : पाँच वर्षअघि नै नेपाल 'बीआरआई'को सदस्य बनेको हो, तर राजनीतिक नेतृत्वको संवेदनहीनता, कर्मचारीतन्त्रको ढिलासुस्ती र भूराजनीतिक चलखेलका कारण 'बीआरआई'अन्तर्गतका परियोजना समयमै छनोट हुन सकेनन् ।

'एमसीसी'को विरोध जनस्तरबाटै हुनुमा त्यसमा रहेका कतिपय विवादास्पद प्रावधान त जिम्मेवार छँदै छन्, यसबाहेक 'बीआरआई' असफल हुन चालिएका खेलले पनि अप्रत्यक्ष भूमिका खेलेका छन् । कुनै मुलुकको स्वतन्त्रता र सार्वभौमिकताका लागि अर्को मुलुकसँगको हार्दिक सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अमेरिकासँगको सम्बन्ध यस हिसाबले पनि नेपालका लागि महत्त्वपूर्ण छ । तर अमेरिकासँगको महत्त्व यत्तिमा मात्र सीमित छैन । अमेरिका नेपालको एउटा प्रमुख विकास साझेदार पनि हो ।

त्यसैले इन्डो-प्यासिफिक स्ट्राटेजी र एमसीसीबीचको सम्बन्धले नेपालीहरूमा जुन आशंका सिर्जना गरेको छ, यसमा राखिएका जे-जति प्रावधान राष्ट्रियता र सार्वभौमिकता प्रतिकूल छन् भन्ने नेपालीहरूले ठानेका छन्, अस्पष्ट विषयलाई स्पष्ट पार्नु र विवादास्पद प्रावधान संशोधन गरेर अघि बढ्नु नै नेपाल-अमेरिका सम्बन्धको हितमा हुनेछ । नेपालीहरूलाई असहज लागेका प्रावधान हटाएर एमसीसी पारित हुने वातावरण सिर्जना गर्दा अमेरिकाको अन्तर्राष्ट्रिय प्रतिष्ठा घट्ने होइन, बरु बढ्नेछ ।

*- साभार: नेपालखबर*

# वन्यजन्तुको छालासहित चार जना पक्राउ

कर्णाली (रासस)/ सुर्खेतमा प्रहरीले संरक्षित वन्यजन्तुको छालासहित चार जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कालीकोटको रास्कोट नगरपालिका-८ का २८ वर्षीय मनबहादुर बुढा तथा दैलेखको ठाटीकाँध गाउँपालिका-६ का ३३ वर्षीय विष्णु रावत, नारायण नगरपालिका-१० का २१ वर्षीय पूर्ण बस्नेत र २५ वर्षीय नरेन्द्र थापा रहेको प्रहरी निरीक्षक कनकबहादुर शाहीले जानकारी दिए ।

प्रहरीले वीरेन्द्रनगर नगरपालिका-७ स्थित एक होटलबाट संरक्षित वन्यजन्तुको सूचीमा रहेका हाब्रेलगायतको छालासहित चारै जनालाई पक्राउ गरेको हो । पक्राउ परेका चारै जनालाई डिभिजन वन कार्यालयलाई बुझाएको छ ।

# चाडबाडमा सुरक्षा योजना बनाएर लागू गर्न निर्देशन

काठमाडौँ (रासस)/ प्रहरी प्रधान कार्यालयले चाडबाड केन्द्रित सुरक्षा योजना बनाएर लागू गर्न मुलुकका ७७ वटै प्रहरी कार्यालय र मातहतका इकाइलाई निर्देशन दिएको छ ।

नजिकिँदै गरेको दशैं, तिहार, छठ, इदलगायत चाडपर्व भयरहितरूपमा मनाउन विशेष सुरक्षा योजना बनाएर लागू गर्न निर्देशन दिइएको केन्द्रीय प्रहरी प्रवक्ता वसन्तबहादुर कुँवरले जानकारी दिए ।

"चाडपर्वमा कुनै पनि घटना हुन नपाउने गरी ठाउँ अनुसारको योजना निर्माण गर्न भनेको छौँ", प्रहरी त्यसतर्फ केन्द्रित भइसक्यो", प्रवक्ता कुँवरले राससँग भने, "कुनै जिल्ला कार्यालयले लागू पनि गरिसके र बाँकीले लागू गर्ने तयारीमा छन् ।"

चाडपर्वका बेला मुख्यगरी आर्थिक गतिविधिसँगै मानिसका आवश्यकतासमेत बढ्ने हुँदा बजारमा बढी चहलपहल हुन्छ । साथीभाइ घेटघाटका गतिविधिसमेत बाक्लिदा झै-झगडा तथा आपराधिक क्रियाकलाप हुनसक्छ ।

यस्तै तीव्र गतिमा सवारी साधन चलाउने र बढी यात्रु चढाउँदा दुर्घटना हुनसक्ने खतरासमेतलाई मध्यनजर गरी सुरक्षा योजना बनाउन भनिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । चोरी, अपहरण, कालोबजारी, चन्दा आतंकजस्ता आपराधिक क्रियाकलाप हुने भएकाले त्यस्ता गतिविधि हुन नपाउने गरी सुरक्षा योजना निर्माण गरी लागू गरिनेछ ।

काठमाडौँ उपत्यकाका तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) मा भने शुक्रबारदेखि नै यो योजना लागू गरिएको छ । उपत्यकामा पाँच हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरी योजना कार्यान्वयन गरिएको रानीपोखरीस्थित महानगरीय प्रहरी कार्यालयले जनाएको छ ।

योजनाअन्तर्गत बढी भिडभाड हुने, आर्थिक गतिविधि बढी हुने क्षेत्र, बैंक तथा वित्तीयसंस्था र यातायात क्षेत्रमा निगरानी बढाउन थालिएको छ । ठाउँठाउँमा सुरक्षा जाँचका लागि चौकी बढाउने, सादा पोशाकमा समेत सुरक्षाकर्मी परिचालन गर्ने र तत्काल परिचालन हुने (क्वीक रेष्पोन्स) टोली गठन गरिएको जनाइएको छ ।

यस्तै आकस्मिक जाँच तथा सार्वजनिक सवारी साधनमा समेत सादा पोशाकका सुरक्षाकर्मीले निगरानी गर्ने जनाइएको छ ।

चाडबाडमा घर फर्कने यात्रुको सुविधाका लागि ठाउँठाउँमा यात्रु सहायता कक्षा स्थापना गरी सहजीकरण गरिने र टिकटमा हुने कालोबजारी नियन्त्रणका लागि पनि प्रहरीको छुट्टै टोली परिचालन हुने जनाइएको छ ।

# संघीय संसद् ठीक बाटोमै अघि बढिरहेको छः सभामुख सापकोटा



काठमाडौँ (रासस)/ सभामुख अग्निप्रसाद सापकोटाले संविधान र संघीयता कार्यान्वयनका लागि कानुन निर्माणका हिसाबले मूलभूतरूपमा संघीय संसद् ठीक बाटोमै अघि बढिरहेको बताएका छन् ।

राष्ट्रियसभा विधायन व्यवस्थापन समितिद्वारा शनिबार आयोजित विधायिकी खुल्लापन र लोकतन्त्र मेला कार्यक्रममा उनले पछिल्ला समयमा भएका बहस, छलफल र गतिविधि विश्वकै लागि अध्ययन गर्ने ठूलो विश्वविद्यालय बनेको धारणा व्यक्त गरे ।

सभामुख सापकोटाले भने, "समुद्र मन्थन गरेझैं धेरै छलफल र बहसका साथ जारी भएको नेपालको संविधान महत्वकांक्षी छ, जनतालाई अधिकार प्रदान गर्ने हिसाबले विशिष्ट र मौलिक छ । लोकतन्त्र भनेको भाषणमा होइन व्यवहारमा अभ्यास गर्ने विषय हो ।"

संघीय ससद्‌को ओजलाई माथि उठाउन सबैले भीष्म प्रतिज्ञा र संकल्प गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले भने, "संविधान कार्यान्वयनमा दूरदर्शिता र प्रतिबद्धता पाटोमा कम्जोरी छ । कार्यसम्पादनमा देखिएका कमी कमजोरी सुधार, परिमार्जनका लागि कडा मिहिनेत र इमान्दार प्रयास आवश्यक छ ।" प्रतिनिधिसभा विघटन प्रतिनिधिसभाले मात्र गर्न सक्ने व्यवस्था हुन आवश्यक रहेको बताउँदै उनले भने, "संविधान र संघीयताको प्रभावकारी कार्यान्वयनका लागि कानुन निर्माण लगायतका विषयमा केकस्ता कमजोरी भए त्यसको गम्भीर आत्मसमीक्षा गरिनुपर्छ ।"

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले संविधान र संघीयता कार्यान्वयनको प्रतिफल नागरिकले के कति प्राप्त गर्न सके त्यसको गहन समीक्षा हुनुपर्ने धारणा राखे । उनले भने, "विधि बनाउने मुख्य जिम्मेवारीमा हाम्रो पहल कस्तो रह्‌यो, सुशासनका माध्यमद्वारा मुलुक र नागरिकलाई समृद्ध बनाउन भएका प्रयासको समीक्षा हुनुपर्छ, हाम्रो मिहिनेतले इतिहासको कठघरामा इमान्दारपूर्वक काम गरेको भन्ने छवि बनोस् ।"

राष्ट्रियसभाका उपाध्यक्ष शशिकला दाहालले लामो संघर्ष र ठूलो बलिदानीको उपलब्धिका रूपमा संविधानसभाबाट जारी भएको संविधानका उल्लेखित मौलिक अधिकार लगायतका विषयवस्तु कार्यान्वयन गरी जनतालाई परिवर्तनको अनुभूति प्रदान गर्न सबैको इमान्दार प्रयासको खाँचो औँल्याए । विधायन व्यवस्थापन समितिका सभापति परशुराम मेघी गुरुङले लोकतान्त्रिक मूल्यमान्यतालाई राजनीतिक दल, नागरिक समाज र भ्रातृ सङ्गठनलाई एक ठाउँमा भेला भएर जनता र मुलुकको हित प्रवर्द्धनका लागि अनुभव साटासाट गर्न सकियोस् भन्ने हेतुले संविधान दिवसका अवसरमा लोकतन्त्र मेला आयोजना गरिएको जानकारी दिए ।

सो अवसरमा संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले संविधान र संघीयताः शुक्रबार, शनिबार, र आज वरिष्ठ अधिवक्ता सुरेन्द्रकुमार महतोले संविधान र समावेशिता तथा अधिवक्ता माधवकुमार बस्नेतले संविधान र मौलिक हक विषयमा प्रस्तुत गरेका कार्यपत्रमाथि नेपाल कानुन आयोगका निवर्तमान अध्यक्ष माधव पौडेलले टिप्पणी गरे ।

त्यस अवसरमा सभापति मेघी गुरुङद्वारा लिखित नेपालमा कानुनको सामाजिक जाँच (उत्तरविधायिकी परीक्षण) नामक पुस्तिकको लोकार्पण गरियो । समारोहमा संसद् सचिवालयका पूर्वमहासचिवत्रय ईश्वरप्रसाद उपाध्याय, सूर्यकिरण गुरुङ र मनोहरप्रसाद भट्टराईलाई उनीहरूले पुऱ्याएका योगदानको स्मरण गर्दै सम्मान गरियो ।

# नेपाल अमेरिकासँग पराजित



काठमाडौँ (रासस)/ आइसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय अन्तर्राष्ट्रिय सिरिजमा नेपाल अमेरिकासँग छ विकेटले पराजित भएको छ ।

ओमानको अल अमिरात क्रिकेट मैदानमा गए राति सम्पन्न खेलमा नेपालले जितका लागि दिएको १७५ रनको लक्ष्य अमेरिकाले २९ दशमलव तीन ओभरमा चार विकेट गुमाएर पूरा गर्‍यो ।

नेपाल अमेरिकासँग एकदिवसीयमा पहिलो पटक पराजित भएको हो । अमेरिकाको जितमा स्टेभेन टेलरले ९२ रनको अर्धशतकीय इनिङ्स खेले । उनले ६३ बलमा १२ चौका र तीन छक्का प्रहार गरे । यस्तै मोनान्क पटेलले अविजित ३८ रन जोड्दा जस्करण मल्होत्राले अविजित ३६ रन बनाए । सुसान्त मोदानीले दुई रन जोडे ।

नेपालका सन्दीप लामिछाने र करण केसीले २/२ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४८ ओभरमा सबै विकेट गुमाउँदै १७४ रनको योगफल बनाएको थियो । नेपालका लागि कप्तान ज्ञानेन्द्र मल्लले ५५ रनको अर्धशतकीय इनिङ्स खेले । उनले १०५ बलमा तीन चौका प्रहार गरे । ओपनर कुशल भुर्तेलले ३६ रन जोड्दा डेब्यु खेलाडी गुलशन झाले २८ रन बनाए ।

त्यस्तै करण केसीले १२, विनोद भण्डारीले १० तथा रोहित पौडेल र सोमपाल कामी २/२ रनमा आउट भए ।

ओपनर आसिफ शेख पनि तीन रनमा आउट भए । सन्दीप लामिछाने ११ रनमा आउट हुँदा सुशन भारीले अविजित दुई रन जोडे । अमेरिकाका कप्तान सौरभ नेत्राभाल्करले चार विकेट लिए भने केली फिलिपले तीन विकेट लिए । त्यस्तै करिमा गोर, एल्मोर हुचिन्सन, नास्टुश केनिजेगेले एक/एक विकेट लिए ।

यसअघि सोमबार भएको पहिलो खेलमा नेपालले अमेरिकालाई पाँच विकेटले पराजित गरेको थियो । दोस्रो खेलमा नेपाल ओमानसँग पाँच विकेटले पराजित हुन पुगेको थियो । नेपालले अन्तिम खेल ओमानसँग आइतबार खेल्नेछ ।

# मन्त्रिपरिषद्‌ले चाँडो पूर्णता पाउँछ : नेता सिंह



काठमाडौँ (रासस)/ नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहले मन्त्रिपरिषद्‌ले चाँडो पूर्णता पाउने बताएका छन् ।

स्व गणेशमान सिंहको २५ औं स्मृति दिवसका अवसरमा गणेशमान सिंह फाउण्डेशनले शोभा भगवतीमा शनिबार आयोजित कार्यक्रममा उनले सत्ता गठबन्धका आन्तरिक व्यवस्थापनको अलमलका कारण मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको भन्दै अब चाँडो मन्त्रिपरिषद्‌ले पूर्णता पाउने बताएको हो ।

उनले भने, "झण्डै दुई तिहाइ बहुमत पाएको कम्युनिष्ट सरकारले संविधानको मर्म र भावनाविपरीत काम गर्न नसकेपछि काँग्रेस नेतृत्वमा सरकार निर्माण भएको हो, सबैलाई मिलाएर लैजाँदा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको हो ।" काँग्रेस नेतृत्वको सरकारले जनताको भावनाअनुसार काम गर्नेमा विश्वास रहेको उनको भनाइ छ ।

नेता सिंहले पार्टीको १४ औँ महाधिवेशनबाट नेपाली जनताको भावना बुझ्ने सक्षम नेतृत्व आउने बताए । उनले पार्टीभित्र विवाद र अलोकतान्त्रिक गतिविधि बढिरहेको उल्लेख गर्दै विवाद भएका जिल्लामा विधानअनुसार समस्या समाधान गर्नुपर्ने बताए । "विधिअनुसार पार्टी नचल्दा विवाद र अलोकतान्त्रिक गतिविधि बढिरहेको छ, १४ औँ महाधिवेशनलाई निष्पक्ष तवरले सम्पन्न गर्नुपर्छ", उनले भने । उनले संस्थापन इतर समूहबाट साझा उम्मेदवार बनाउने विषयमा निरन्तर छलफल र परामर्श भइरहेको उल्लेख गरे ।

पार्टीका पूर्वमहामन्त्री सिंहले नेपाली प्रजातान्त्रिक आन्दोलनमा र काँग्रेसलाई बलियो बनाउन स्व गणेशमान सिंहको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि गणेशमान सिंहले नेपाली जनाताको सेवा गर्न नछोडेको बताए ।

कार्यक्रममा काँग्रेस केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे, किरण गिरी, पूर्वमन्त्री एवं सांसद राजेन्द्रकुमार केसी, काँग्रेस काठमाडौँका सभापति सबुज बानियाँलगायतको उपस्थिति रहेको थियो ।

**शिक्षक आवश्यकता**

*प्रथमपटक सूचना प्रकाशित मितिः २०७८/६/३*

उपरोक्त सम्बन्धमा बागमती गाउँपालिका शिक्षा शाखाको मिति २०७८/६/१ गते प्राप्त पदपूर्ति अनुमति पत्र र वि.व्य.स.को मिति २०७८/०५/३१ को बैठकको निर्णयानुसार यस विद्यालयमा तपसिल बमोजिमको शिक्षक आवश्यक परेकोले उक्त पदपूर्तिको लागि योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपसिलः**

**विज्ञापन नं.** : ०१/०७८/०७९
**तह/श्रेणी** : प्रा.वि. (करार)
**सेवा सुविधा** : प्रचलित सरकारी नियमानुसार
**शैक्षिक योग्यता** : आई.एड. वा सो सरह उत्तीर्ण गरेको ।
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मितिः** २०७८/०६/१७ गते अपरान्ह ४:०० बजे
**दरखास्त दस्तुर** : रु.१०००।- (एक हजार रुपियाँ मात्र)
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ
**सम्पर्क मिति** : २०७८/०६/१८ गते
**परीक्षाको किसिम** : लिखित, मौखिक, आवश्यक्तानुसार कक्षा अवलोकन

**आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १/१ थान,
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ थान,
३. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी १/१ थान,

**श्री वनदेवी आधारभूत विद्यालय**
**वागमती गाउँपालिका वडा नं. ८**
तल्लोभवानीपुर, मकवानपुर
सम्पर्कः ९८६६२५०८३२, ९८४५६२२०१३

**लाइसेन्स हराएको सूचना**

निम्न व्यहोराको मेरो सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मिति २०७८ भदौ ५ गते हेटौंडा बजारदेखि बुद्धचोक जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा तपशिलको ठेगाना सम्पर्क गरिदिनुहुन् अनुरोध गरिन्छ ।

**नाम** :- फूलबहादुर गोले
**ठेगाना** :- साविक बसामाडी, मकवानपुर (हाल हेटौंडा-१, नकौली)
**लाइसेन्स नं.** :- ०४-५२५३३३
**सम्पर्क नं.** :- ९८४०७२५१४८

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# रक्षादेवी मन्दिर अध्यक्षमा पुन: बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा/ हेटौंडा-६, चौघडामा रहेको रक्षादेवी मन्दिर व्यवस्थापन समितिको अध्यक्षमा पुन: रमेशकुमार बानियाँ चयन भएका छन् ।



शनिबार मन्दिरमा भएको प्रथम बार्षिक साधारणसभाले बानियाँको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । समितिको उपाध्यक्षमा लक्ष्मीचरण श्रेष्ठ, सचिवमा राजकुमार फुयाल, सहसचिवमा विजयकुमार हुमागाई र कोषाध्यक्षमा केशव धिताल चयन भएका हुन ।

यसैगरि सदस्यहरुमा केशवप्रसाद कोईराला, राजेश पौडेल, मदन न्यौपाने, रामप्रसाद सापकोटा, सविना गुरुङ, सूर्य बहादुर खड्का, कमला सापकोटा र सरस्वती श्रेष्ठ चयन भएका हुन ।

भेलामा समितिका अध्यक्ष रमेशकुमार बानियाँले संस्थागत प्रतिवेदन, सचिव राजकुमार फुयाँलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष केशव धितालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा मन्दिरको भौतिक विकासमा आर्थिक तथा जिन्सी सहयोग गर्ने उत्तमकुमार कुमार श्रेष्ठ, रामप्रसाद सापकोटा, विजयकुमार श्रेष्ठ, राजकुमार बास्तोला, सरोज न्यौपाने। संञ्चारकर्मी भीमसेन पौडेल लगायतकालाई सम्मानित गरिएको थियो ।

हेटौंडा-६ का वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाँईको प्रमुख आतिथ्यता एवम मन्दिर व्यवस्थापन समितिका अध्यक्ष र मेशकुमार बानियाँको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा मकवानपुर गढी-७ का वडा अध्यक्ष सूर्यबहादुर रुम्वा, हेटौंडा-६ का वडा सदस्य र ाजकुमार बास्तोला, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधराम चौलागाईंले मन्तव्य व्यक्त गरेका थिए ।

रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, प्रज्वल शिक्षा सदनका प्रिन्सिपल गणेशकुमार श्रेष्ठ,, समाजसेवी कृष्णप्रसाद सञ्जेल, मन्दिर व्यवस्थापन समितिका सल्लाहकार रामहरि चौलागाईं, उपाध्यक्ष उपेन्द्र बहादुर थापा मगर लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

# बोस दिदीभाई च्याम्पियन



हेटौंडा/ संविधान दिवस २०७८ को सन्दर्भमा आयोजित खुल्ला व्याडमिन्टन प्रतियोगिताको उपाधी माधवी बोस र अभिषेक बोस दिदीभाईको जोडीले जितेको छ ।

वाग्मती प्रदेशको राजधानी हेटौंडामा शुक्रबारबाट सुरु भएको व्याडमिन्टन प्रतियोगितामा शनिबार फाइनल खेलमा माधवी र अभिषेकले उपाधीमा आफ्ना नाम लेखाएका हुन् । २१ जोडीको सहभागिता रहेको प्रतियोगितामा माधवी मात्र महिला खेलाडीको रुपमा भाई अभिषेकको जोडी बनेर प्रतिस्पर्धामा उत्रेकी थिइन् ।

माधवी र उनका भाई अभिषेकले फाइनल खेलमा बिरु गुरुङ र रमेश रेग्मीको जोडीलाई पराजित गरेका हुन् । विजेता जोडीले ३५ हजार रुपैयाँ प्राप्त गरेका छन् भने उपविजेता जोडीले २५ हजार रुपैयाँमा चित्त बुझाएका छन् । यसैगरी प्रतियोगितामा शिवहरी कुँवर र गणेश लामा तथा हरिबहादुर तामाङ र चेतबहादुर विकको जोडी तृतीय भएका छन् । उनीहरुले ७ हजार पाँचसय रुपैयाँका दरले कुल १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।

संविधान दिवस २०७८ मूल आयोजक समिति बागमती प्रदेशको आयोजना तथा मकवानपुर जिल्ला खेलकुद विकास समिति र जिल्ला व्याडमिन्टन संघको संयोजनमा प्रतियोगिता भएको हो । हेटौंडा-११ स्थित सामुदायिक सेवा केन्द्रको कभर्ड हलमा प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगिताको विजेताहरुलाई आइतबार मुख्यमन्त्री कार्यालय परिसरमा संविधान दिवसको अवसरमा हुने मूल कार्यक्रममा पुरस्कार प्रदान गरिने जनाइएको छ ।

# खुल्ला दौडमा प्रहरीलाई पछाडि पार्दै महेश बने च्याम्पियन

हेटौंडा/ हेटौंडामा शनिबार भएको ५ किलोमिटर खुला दौड सम्पन्न भएको छ । संविधान दिवस २०७८ को अवसरमा भएको ५ किमी दौड प्रतियोगितामा हेटौंडा-१३ पदमपोखरीका महेश मोक्तान प्रथम भएका छन् ।

संविधान दिवस, २०७८ मुल आयोजक समिति बागमती प्रदेशको आयोजना तथा मकवानपुर जिल्ला खेलकुद विकास समिति र जिल्ला एथलेटिक्स संघ, मकवानपुरको संयोजनमा भएको दौड प्रतियोगितामा विजयी भएका मोक्तानले ५ किमी दुरी १६ मिनेट २१ सेकेण्ड ८८ मिलिसेकेण्डमा पार गरेका थिए ।

प्रतियोगितामा दोस्रो स्थान र तेस्रो स्थान क्रमश: बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका सुरेश साह र श्यामकुमार राईले हासिल गर्न सफल भएका थिउ । साहले उक्त दुरी १७ मिनेट ४२ मिलिसेकेण्डमा पार गरेका थिए भने राईले १७ मिनेट १६ सेकेण्ड ५३ मिलिसेकेण्डमा दुरी पार गर्न सफल भएका छन् ।



प्रतियोगितामा प्रथम, द्वितीय तथा तृतीय भएकाहरुलाई क्रमश: १५, १० र ५ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । दौडमा ५० जना धावकहरुको सहभागिता रहेको जिल्ला एथलेटिक्स संघ मकवानपुरका अध्यक्ष राजाराम पोखरेलले जानकारी दिए । विजेताहरुलाई आइतबार मुख्यमन्त्री कार्यालय परिसरमा संविधान दिवसको अवसरमा हुने मूल कार्यक्रममा पुरस्कार प्रदान गरिने जनाइएको छ ।

# संविधान दिवसमा २६ जनाद्वारा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा/ संविधान दिवस २०७८ को अवसरमा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको आयोजनामा हेटौंडाको बुद्धचोकमा भएको रक्तदान कार्यक्रममा २६ जनाले रक्तदान गरेका हुन् ।

हेटौंडामा रगतको अभाव भएसँगै शनिबार हेटौंडामा रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

बागमती प्रदेश युवा परिषद् हेटौंडाको समन्वय तथा रक्त सञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा १ महिलासहित २५ जना पुरुषहरुले रक्तदान गरेको रक्त सञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णु रिमालले जानकारी दिए ।

बागमतीमा प्रदेश युवा परिषद कार्यालयका कार्याकारी उपाध्यक्ष सन्तोष चौलागाईको सभाध्यतामा भएको कार्याक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री विजय सुवेदीको प्रमुख आतिथ्यता रहेको थियो ।

# मनहरी र राक्सिराङलाई सात हजार थान मास्क सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/ मकवानपुर कम्युनिटी अष्ट्रेलियाले मकवानपुरको मनहरी गाउँपालिका र राक्सिराङ गाउँपालिकालाई सात हजार मास्क सहयोग गरेको छ ।

शनिबार मनहरी अस्पताललाई मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीमार्फत मास्क हस्तान्तरण गरेको छ भने राक्सिराङ-३ का अध्यक्ष बाबुलाल स्याङतान र ४ नम्बर वडा अध्यक्ष सञ्जय कोईरालालाई मास्क हस्तान्तरण गरिएको छ ।

मनहरी सामुदायिक पुस्तकालयको समन्वयमा मास्क हस्तान्तरण गरिएको पुस्तकालयका अध्यक्ष ईन्द्रमणि स्याङ्तानले जानकारी दिए । मुलुकमा संकट परेका बेला बिदेशमा रहेका नेपालीले सहयोग गर्न तत्पर हुने मकवानपुर कम्युनिटी अष्ट्रेलियाका अध्यक्ष र ाजकुमार अधिकारीले बताए ।

सहयोग सामग्री हस्तान्तरण कार्यक्रममा मनहरी अस्पतालका प्रतिनिधि शिबराम बानिया, रोटरी माविका अध्यक्ष शालिकराम बानिया, मनहरी सामुदायिक पुस्तकालयका सचिव मनोज मुक्तान, गैसस मकवानपुरका सदस्य नविन सुबेदीको उपस्थिति रहेको थियो ।


## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मिति: २०७८/६/३*

उपरोक्त सम्बन्धमा कैलाश गाउँपालिका शिक्षा शाखाको मिति २०७८/५/३० गते प्राप्त पदपूर्ति अनुमति पत्र र वि.व्य.स.को मिति २०७८/०५/२८ को बैठकको निर्णयानुसार यस विद्यालयमा तपसिल बमोजिमको शिक्षक आवश्यक परेकोले उक्त पदपूर्तिको लागि योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपसिल:**

**विज्ञापन नं.** : ०१/०७८/०७९
**विषय** : गणित
**तह/श्रेणी** : मा.वि. अनुदान
**सेवा सुविधा** : प्रचलित सरकारी नियमानुसार
**शैक्षिक योग्यता** : मूल विषय गणित लिएर स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

**विज्ञापन नं.** : ०२/०७८/०७९
**विषय** : अंग्रेजी
**तह/श्रेणी** : मा.वि. अनुदान
**सेवा सुविधा** : प्रचलित सरकारी नियमानुसार
**शैक्षिक योग्यता** : मूल विषय अंग्रेजी लिएर स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

**विज्ञापन नं.** : ०३/०७८/०७९
**विषय** : प्रारम्भिक बाल विकास सहजकर्ता
**सेवा सुविधा** : प्रचलित सरकारी नियमानुसार
**शैक्षिक योग्यता** : कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मिति:** २०७८/०६/१७ गते अपरान्ह ४:०० बजे
**दरखास्त दस्तुर** : रु.१५००।- (एक हजार पाँच सय मात्र), विज्ञापन नं. ३ को लागि रु.१०००।- (एक हजार रुपियाँ मात्र)
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ
**सम्पर्क मिति** : २०७८/०६/१८ गते
**परीक्षाको किसिम** : लिखित, मौखिक, आवश्यक्तानुसार कक्षा अवलोकन

**आवश्यक कागजातहरु:**
१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १/१ थान,
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ थान,
३. सम्बन्धित विषय र तह वा सोभन्दा माथिल्लो तहको योग्यता भए प्रमाणपत्रको प्रतिलिपि १/१ थान,
४. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी १/१ थान,
(नोट: विज्ञापन नं. ३ को लागि अध्यापन अनुमतिपत्र नचाहिने ।)

**श्री रत्न ज्योति माध्यमिक विद्यालय**
कैलाश गाउँपालिका वडा नं. १०
मरेङकोट, मकवानपुर
सम्पर्क: ९८५५०७१३३९, ९८६६०७५८८१, ९८०४२१९७०५



कोरोना भाइरस (COVID-19) बाट
आफू पनि बचौं, अरुलाई पनि बचाऔं
लक्षणहरु
१००.४ मन्दा माथि ज्वरो आउने
रुघा र खोकी लाग्ने
श्वास प्रश्वासमा समस्या हुने
घाँटी र टाउको दुख्ने
बच्ने उपायहरु
- नियमित रुपमा साबुन पानीले हात धुने ।
- घर तथा बाहिर जाँदा नियमित मास्कको प्रयोग गर्ने ।
- खोक्दा र हाछ्यू गर्दा नाक र मुख छोप्ने ।
- यदि फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, अण्डा राम्रोसँग पाकेको मात्र खाने ।
कैलाश गाउँपालिका
कालिकाटार, मकवानपुर



## पसल बिक्रीमा

हेटौंडा-४, स्कूलरोड स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवस बिक्रीमा गर्नुपर्ने भएकोले खरिद गर्न चाहनुहुने ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८०४२५५०७३



SUZUKI
पर्वोत्सव २०७८
यो दशैं तिहारमा सरर सुजुकी कारमा

UP TO Rs. 2,00,000* CASH DISCOUNT
UP TO Rs. 150,000* EXCHANGE BONUS
UP TO Rs. 75,000* SCRATCH CARD DISCOUNT
LOYALTY BONUS UPTO Rs. 20000* & 1 YEAR FREE INSURANCE*
Special Deals on Clearance Models*
*Conditions Apply.
गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मुल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## Narayani College/TMMSS

Under the Managment of SARC Education Foundation
SARC SCHOLARS' ACADEMY AND RESEARCH CENTER OPEN SCHOOL
+2
- Science
- Computer Science
- Management
- Hotel Management
- Up to 100% Scholorship

SARC OPEN SCHOOL & BUSINESS COLLEGE
Hetauda-10, Bhutandevi Temple Road, Makawanpur
Contact : 057-522136, 057-521876
Website : www.sarceducation.com



## निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?


हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।
हाम्रो हार्डवेयर एण्ड सप्लायर्स
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३



## ADMISSION OPEN FOR 2021

@
HETAUDA CITY COLLEGE/ZENITH
Now Open for Registration
"Take Right Decision For Right Education"
Programme:-
- Commerce
- Science
- Hotel Management
- Computer Science
- Business Studies


ENROL NOW
Contact us :-
HETAUDA CITY COLLEGE/ZENITH
Hetauda-5, Piple ☎057-520750, 526660
Email:- hetaudacitycollege.official@gmail.com



मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ
तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ
हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं
मास्क लगाऔं
भौतिक दुरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं
बकैया गाउँपालिका
हात्तिसुँडे, मकवानपुर



सहज यात्राका लागि गाडी भाडामा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४५३८९११६



COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितमा जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू र अरुलाई बचाउने ?
नियमित रुपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना, हेटौंडा-१, चौकीटोल